# प्रेस विज्ञप्ति

नेपाल विपद्का दृष्टिकोणले जोखिमपूर्ण अवस्थामा रहेको छ। प्रत्येक वर्ष प्राकृतिक एवम् गैरप्राकृतिक विपदबाट ठूलो परिमाणमा जनधनको क्षति भैरहेको छ। त्यस्तो नोक्सानी उपर राहत वितरण एवम् क्षतिग्रस्त संरचनाको पूनर्निर्माणका लागि सरकारले निरन्तर लगानी गरिरहेको छ र यसमा गैरसरकारी क्षेत्रको योगदान पनि उत्तिकै प्रशंसनीय रहेको छ।

विपद्बाट हुने सम्भाव्य नोक्सानी न्यूनिकरणका लागि विपद् पूर्वको तयारीलाई विशेष जोड दिंदै समग्र विपद् व्यवस्थापनलाई योजनावद्ध ढंगबाट सञ्चालन गरिनु आवश्यक छ। यसका लागि सबै सरोकारवाला व्यक्ति, समूदाय, निकाय र तहको उत्तिकै महत्वपूर्ण भूमिका अपेक्षित हुन्छ जसबाट एक सुरक्षित र सबल राष्ट्र निर्माणमा योगदान पुग्नेछ। साथै विपद्को पहिलो असर स्थानीय स्तरमा नै हुने र त्यसको पहिलो जानकार पनि स्थानीय सरकार हुने हुँदा सो उपर आवश्यक सम्बोधनका लागि गाउँपालिका तथा नगरपालिकाको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ। यसै तथ्य सहित विपद् व्यवस्थापनलाई नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तीन तहकै साझा अधिकार सूचीमा राख्नुका साथै स्थानीय तहको एकल अधिकार सूचीमा समेत सूचिकृत गरेको छ।

विपद् विरूद्धको प्रयासलाई संयुक्त रूपमा समन्वयात्मक ढंगले अगाडि बढाउने ध्येयका साथ गत वर्ष नै नेपाल सरकारले *विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४* जारी गरेको छ । त्यसै गरी गत वर्ष नै जारी भएको *स्थानीय सरकार सञ्चालन ऐन, २०७४* ले पनि विपद् व्यवस्थापनको क्षेत्रमा स्थानीय सरकारको भूमिकालाई उच्च प्राथमिकताका साथ राखेको छ। साथै विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकारले विभिन्न नीति, योजना र मार्गदर्शन समेत तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। उल्लेखित व्यवस्थाहरूको अधिनमा रहेर स्थानीय तहबाट विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको क्षेत्रमा हुने कार्यलाई व्यवस्थित तुल्याउन सबै गाउँपालिका तथा नगरपालिकाबाट यस सम्बन्धी ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ। यसै तथ्यलाई आधार मान्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०६(१) ले गरेको व्यवस्था अनुरूप नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (मा.मन्त्रिस्तरीय) को मिति २०७५/०१/१० को निर्णयानुसार ***"गाउँ/नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७..."*** को नमूना विधेयक स्वीकृत गरी सबै गाउँपालिका तथा नगरपालिकाहरूलाई उपलब्ध गराईएको छ।

नमूना कानूनमा गाउँ/नगर विपद् व्यवस्थापन समितिको गठन तथा भूमिका, स्थानीय विपद् व्यवस्थापन कोष, वडा तहमा विपद् व्यवस्थापन समितिको गठन तथा भूमिकाको साथै हरेक वस्ति तथा समूदाय स्तरसम्म नै विपद् व्यवस्थापनको मूलप्रवाहिकरण र विपद् स्वयम् सेवकहरूको परिचालन लगायतका व्यवस्थाहरू समेटिएको छ। प्रस्तुत नमूना विधेयकको तर्जूमा गर्दा विद्यमान कानूनी व्यवस्थाहरूको अध्ययन, सरोकारवाला निकाय तथा विज्ञहरूसँगको परामर्श र विगतका असल अभ्यासहरू समेतलाई आधार मानि तयार गरिएको छ, तथापि गाउँसभा एवम् नगरसभाले प्रस्तुत नमूना विधेयकलाई ऐनको रूपमा जारी गर्दा संघीय एवम् प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी आवश्यक परिमार्जन गर्ने अधिकार सुरक्षित रहेको छ।

स्थानीय सरकारको सशक्तिकरण एवम् प्रभावकारी कार्यसञ्चालनमा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निरन्तर सहयोग र समन्वय रहने प्रतिबद्धता सहित सबै गाउँपालिका तथा नगरपालिकाले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी ऐन जारी गरी कार्यान्वयनमा ल्याउनुहुन यस मन्त्रालय हार्दिक अपिल गर्दछ।

..............................
रुद्रसिंह तामाङ
सहसचिव एवम् प्रवक्ता
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मितिः २०७५/०१/११